स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपेन्द्र लामाले निर्देशन गर्ने आगामी फिल्म 'दुःखी आत्मा'मा अनुपविक्रम शाही अनुबन्धित भएका छन् । २४ भदौबाट छायांकन सुरु हुन लागेको फिल्ममा यसअघि दयाहाङ राई र आँचल शर्मा जोडिएका छन् । कथाको मागअनुसारको चरित्र चयन गर्ने क्रममा अभिनेता शाही उपयुक्त देखिएकाले उनलाई कास्ट गरिएको पटकथा लेखक समेत रहेका निर्देशक लामाले जानकारी दिए ।

आजको विचार...



मणि शर्मा

तीज...
(दुई पेजमा)



तीजको दिन पारेर यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को आइटम गीत सार्वजनिक गरिएको छ । भोजपुरी भाषामा तयार पारिएको 'करेजा निकरी' बोलको गीतमा भारतीय गायिका सोनु कक्कड र समीर चौरासियाको गायन छ भने रेवन आरती सिंहको संगीत तथा प्रदीप श्रीवास्तवको शब्द छ । गीतमा निकिता चाण्डक, पल शाह र प्रकाश शाह नृत्य गर्दै प्रस्तुत छन् । पल र प्रकाशबीचको टकराव देखाउन खोजिएको गीतमा निकितालाई बोल्ड अवतारमा देख्न सकिन्छ ।

❐ वर्ष ३० ❐ अंक ५० ❐ २०८१ भदौ १९ गते बुधबार 4 September 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कृषकको उत्पादन स्थानीय सरकारद्वारा बजारीकरण

**रासस**

**तम्घास (गुल्मी),** भदौ १८/गुल्मीका दुई पालिकाले तरकारी र फलफूलको बजारीकरणको सुरुवात गरेका छन् । जिल्लाको धुर्कोट र रुरुक्षेत्र गाउँपालिकाले गाउँको कृषिजन्य उत्पादनको बजारीकरणको सुरुवात गरेका हुन् ।

धुर्कोटले किसानको उत्पादनको बजारीकरणका लागि बुटबलको देवीनगरस्थित पहाडी ताजा तरकारी पसलसँग र रुरुक्षेत्रले पाल्पाको मिलनसार सामाजिक उद्यमी महिला सहकारीद्वारा सञ्चालित तरकारी थोक बजारसँग सम्झौता गरेको छ । पालिकाले किसानको उत्पादन खरिद गर्ने र सोही मूल्यमै पसललाई बिक्री गर्ने गरेका छन् । त्यसका लागि कर्मचारी र ढुवानी खर्च पालिकाले व्यहोर्ने सहमति रहेको छ । पालिकाले किसानसँग तामा, करेला, बोडी सोस्ता, स्कुस, कागती, फर्सिको मुन्टा, चिचिन्ना, नास्पाती, पुदिना, सिन्की, काँक्रोलगायतका तरकारी तथा फलफूलको बजारीकरण गरिरहेका छन् । किसानका कृषिजन्य सामग्री खरिद गर्नका लागि पालिकाले प्रत्येक हप्ताको दुई पटक तरकारी भएको टोलमा सवारी साधन पठाउने गर्दछन् । धुर्कोटमा आइतबार र बिहीबार तथा रुरुक्षेत्रमा मंगलबार र शनिबार किसानको तरकारी संकलन हुँदै आएको छ । दुवै पालिकामा गरी अहिलेसम्म



एक सय क्विन्टल तरकारी बिक्री भइसकेको छ । त्यसमध्ये धुर्कोटबाट ३० क्विन्टल बिक्री भएको छ । धुर्कोटमा प्रति किलो तरकारीको मूल्य औषतमा ४० का दरले हालसम्म एक लाख २० हजारको बिक्री गरेको धुर्कोट कृषि परियोजनाका संयोजक भरत भण्डारीले जानकारी दिए । रुरुक्षेत्रबाट हालसम्म ७० क्विन्टल तरकारी बिक्री भएको छ । रुरुक्षेत्रमा औषतमा तरकारीको मूल्य ४५ का दरले हालसम्म दुई लाख ८० हजारको तरकारी बिक्री भएको रुरु कृषि परियोजनाका संयोजक प्रकाश चालिसेले जानकारी दिए । दुवै पालिकाबाट हालसम्म चार लाखको तरकारी तथा फलफूल बिक्री भएको छ । धुर्कोटमा महिनाको पहिलो हप्तामा किसानले बिक्री गरेका सामग्रीको नगद मूल्य पाउँछन् भने रुरुक्षेत्रमा नगदै कारोबार गरिएको छ । धुर्कोटका अध्यक्ष भुपाल पोखरेलले किसानको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरेको बताए । आफुहरुले गरेको कामबाट बिचौलियाको समेत अन्त्य भई किसानले उत्पादित वस्तुको उचित मूल्य पाउने उनले बताए । रुरुक्षेत्रका अध्यक्ष यदु ज्ञवालीले गाउँमा ठूला उद्योग स्थापना गर्न असम्भव भएकाले कृषिजन्य उत्पादनको बजारीकरण गरेको बताए । उनले जतिसक्दो धेरै उत्पादन गरी आम्दानी गर्नसमेत किसानलाई आग्रह गरे ।

## संक्षिप्त समाचार

### स्कुल बस दुर्घटना हुँदा ११ को मृत्यु

(रासस/एएफपी)

**बेइजिङ,** भदौ १८/पूर्वी चीनको एउटा माध्यमिक विद्यालय बाहिर मंगलबार एउटा स्कुल बस मानिसहरूको भिडसँग ठोक्किदा ११ जना अभिभावक र विद्यार्थीहरूको ज्यान गएको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

राज्य प्रसारणकर्ता सिसिटिभीले बिहान ७:२७ बजे ( स्थानिय समय) शानडोङ प्रान्तको ताइआन सहरको विद्यालय पुग्दा ड्राइभरले गाडीको 'नियन्त्रण गुमाएको' बताएको छ । सिसिटिभीका अनुसार बस सडक छेउमा अभिभावक र विद्यार्थीहरुको भिडसँग ठोक्किएको थियो । 'हालसम्म ११ जनाको मृत्यु भएको छ, जसमध्ये छ जना अभिभावक र पाँच जना विद्यार्थी थिए', प्रसारणकर्ताले जनाएको छ । साथै घाइते हुनेमध्य एक व्यक्तिको अवस्था 'गम्भीर' रहेको र अन्य १२ जनाको अवस्था सामान्य रहेको बताएको छ । सामाजिक सञ्जालमा प्रसारण भएको फोटो र भिडियोमा रगतले लतपतिएका मानिसहरू खैरो बस नजिकै सडकमा लडेको देखाइएको छ । ड्राइभरलाई स्थानीय प्रहरीले पक्राउ गरेको र घटनाको अनुसन्धान भईरहेको सिसिटिभीले जनाएको छ । कमजोर सुरक्षा मापदण्ड र अव्यवस्थित चलाईका कारण देशमा घातक सडक दुर्घटना बारम्बार हुने गरेका छन् । गत जुलाईमा चीनको मध्य सहर चाङसामा एउटा गाडी पैदल यात्रीहरूसँग ठोक्किदा आठ जनाको मृत्यु र पाँच जना घाइते भएका प्रहरीले जनाएको थियो ।

# सहकारी सम्बन्धी छानबिन समितिको म्याद थप



**पाल्पा,** भदौं १८/सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिको म्याद थपिएको छ । प्रतिनिधिसभाले समितिको म्याद १५ दिन थपेको हो ।

समितिका संयोजक सूर्य थापाले प्रतिनिधिसभामा पेस गरेको म्याद थपसम्बन्धी प्रस्ताव मंगलबार बहुमतले पारित भएको छ । सभामुख देवराज घिमिरेले समितिको म्याद १५ दिन थपिएको घोषणा गरे । रातदिन र बिदाको दिन काम गर्दासमेत छानबिन बाँकी रहेकाले संयोजक थापाले म्याद थपसम्बन्धी प्रस्ताव पेस गरेका थिए । २०८१ जेठ १५ मा प्रतिनिधिसभाले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठन गरेको थियो । समितिमा ७ सांसद रहेका छन् । कार्य प्रारम्भ गरेको दिनदेखि ३ महिनाको कार्यकाल रहेको समितिको म्याद भदौ २२ गते सकिन लागेको थियो ।

तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले तत्कालीन गृहमन्त्री रवि लामिछाने सहकारी प्रकरणमा मुछिएको भन्दै संसदीय छानबिन समिति बनाउन माग गरेको थियो । प्रमुख तीन दलको सहमतिपछि गत संसदीय छानबिन समिति गठन भएका थियो ।

# छुट्टाछुट्टै स्थानमा १२ जना मृत अवस्थामा फेला

**पाल्पा,** भदौ १८/देशका विभिन्न जिल्लाका छुट्टाछुट्टै स्थानमा १२ जना मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, कपिलवस्तु, नवलपरासी पश्रिुचम, धनकुटा, ललितपुर, सर्लाही, झापा, मकवानपुर, पाँचथर, कञ्चनपुर, सिन्धुलीका छुट्टाछुट्टै स्थानमा १२ जना मृत अवस्थामा फेला परेका हुन् ।

रूपन्देहीको सैनामैना नगरपालिका-३ हाटबजार लाईन बस्ने ३४ वर्षीय शिव शर्मा मृत अवस्थामा फेला परेका छन् । उनी आफ्नै घरमा मृत अवस्थामा भेटिएका हुन् । यस्तै कपिलवस्तुको विजयनगर गाउँपालिका-४ मिजुनियायास्थित पोखरीमा एक बालिका मृत अवस्थामा फेला परेकी छन् । स्थानीय बेकारू रैदासको १६ वर्षीया छोरी पुष्पा रैदास ताडी पोखरीमा मंगलबार मृत अवस्थामा फेला परेकी हुन् । उता नवलपरासी पश्रिुचमको सरावल गाउँपालिका-१ देबीनगरस्थित बाटोको कल्भर्ट मुनीमा एक जना मृत अवस्थामा भेटिएका छन् । सोही ठाउँका ३५ वर्षीय बसन्त चौधरी मृत अवस्थामा फेला परेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै धनकुटाको महालक्ष्मी नगरपालिका-६ गुठीगाउँमा



एक जना मृत भेटिएका छन् । सोही ठाउँका ४० वर्षीय उद्धव बर्देवा सोही नगरपालिका-६ स्थित बाटोमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । ललितपुर महानगरपालिका-११ चिल्ड्रेनपार्कस्थित घरको आँगनमा एकजना मृत अवस्थामा फेला परेका छन् । सोही महानगरपालिका-११ इमुखेल बस्ने ३१ वर्षीय संगम देउला मृत अवस्थामा फेला परेका हुन् । यस्तै सर्लाहीको बरहथवा नगरपालिका-११ डियरमा पनि एक जना पुरुषको शव फेला परेको छ । सोही ठाउँका ४५ वर्षीय बिकाउ भन्ने खुबलाल राय आफ्नै घरमा मृत अवस्थामा फेला परेका हुन् । झापाको शिवसताक्षी नगरपालिका-१० दोमुखास्थित कन्काई माईखोलामा पनि एक मृत भेटिएकी छन् । हाल उनको नाम, थर, वतन खुलेको छैन् । अन्दाजी ४५ वर्ष जस्तो देखिने ति महिलाको परिवारलाई सम्पर्कमा ल्याउने प्रयास भइरहेको प्रहरीले जनाएको छ । यसैगरी झापाकै मेचिनगर नगरपालिका-४ आलडागी बस्ने २४ वर्षीया अस्मिता खड्का पनि घर नजिकै रहेको धारामा मृत अवस्थामा फेला परेकी छन् । यस्तै मकवानपुरको बागमती गाउँपालिका-४ चौरादोभानस्थित बागमती खोलाको बिच बगरमा अर्को एक जना महिला मृत अवस्थामा फेला परेकी छन् । हाल नाम, थर, वतन नखुलेकी अन्दाजी २५ वर्षीया महिला मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । यस्तै पाँचथरको हिलिहाङ गाउँपालिका-२ सिरूपास्थित काबेली खोलाको किनारमा पनि एक पुरुषको शव फेला परेको छ । हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५२ वर्षीय पुरूष मृत अवस्थामा भेटिएका हुन् । उता कञ्चनपुरको भिमदत्त नगरपालिका-९ ब्रह्मदेबस्थित महाकाली नदीमा अर्का पुरुषको शव फेला परेको छ । हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरूषको मृत अवस्थामा फेला परेका हुन् । यस्तै सिन्धुलीको तिनपाटन गाउँपालिका-८ पिप्ले गिरीटोल बस्ने ९० वर्षीय पन्चे तामाङ पनि मृत अवस्थामा भेटिएका छन् । सोही ठाउँस्थित खोल्सामा उनी मृत अवस्थामा फेला परेका हुन् । शनिबार घरबाट हिँडी बेपत्ता भएका उनको खोजी गर्ने क्रममा शव फेला परेको प्रहरीले जनाएको छ । सबै घटनाको विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## लागू पदार्थको अवैध तस्करी रोकौं

पछिल्लो समय लागू पदार्थको अवैध तस्करी बढ्दै गएको छ । प्रहरीका अनुसार नियन्त्रणको क्रम बढिरहेको भए पनि खुल्ला सीमानाको फाइदा उठाउँदै लागूऔषधका कारोवारीहरुले विभिन्न नाकाबाट लागूऔषध भित्र्याइरहेका छन् । यसले व्यक्ति, परिवार, समाज तथा राष्ट्रलाई नै ठूलो हानी पुऱ्याएको छ । पश्चिमाहरूको हिप्पी संस्कृतिले हेरोइन, अफिम, चरेस, कोकिनको प्रयोगलाई व्यापक बनाइदिएको छ । यसले नेपाली समाजलाई प्रभावित बनाएको छ । लागूपदार्थको दुरुपयोगले व्यक्तिको जीवन बर्वाद गर्छ नै यसबाहेक परिवार, समाज र देशकै अर्थतन्त्र र संस्कृतिलाई समेत नष्ट पार्दछ । लागू औषधको अवैध दुर्व्यसन र तस्करको समस्या नेपाली समाजका लागि चुनौतीपूर्ण बनेको छ । लागू औषधको सेवन नभई दुर्व्यसन, वैध नभई अवैध उत्पादन, तस्करीले आर्जित अकूत धनराशिको गलत कार्यमा दुरुपयोग हुनाले जटिल समस्या उत्पन्न गराएको हो । लागू औषधको अवैध दुर्व्यसन र तस्कर रोक्न प्रयासहरु नभएका होइनन् । तर ति प्रयास प्रभावकारी बन्न नसक्दा लागूऔषध प्रयोगकर्ता भने दिनहुँजसो बढिरहेका छन् । यो अत्यन्त दुखको कुरा हो । लागूऔषधको कुलतका कारण धेरै अभिभावकहरु पीडित हुनु परेका दृष्टान्त थुप्रै छन् । विडम्बनाको कुरा त के छ भने लागूऔषधको कारोबारमा समाजका रक्षक मानिने सेना तथा प्रहरी नै संलग्न भएका घटना पनि सार्वजनिक हुँदै आएका छन्, जसका कारण यसको कारोबार नियन्त्रणमा चुनौती देखिएको छ । लागू पदार्थ दुर्व्यसनी र अवैध तस्करी बढ्नु भनेको समाज असुरक्षित र अधोगतितिर उन्मुख हुनु हो ।

लागूऔषधको सेवन तथा कारोबार व्यापक भइरहँदा पनि स्थानीय सरकार भने त्यसको नियन्त्रणका लागि उदासीन देखिएको छ । प्रहरीले पक्राउ परेकाहरुका साथबाट अफिम, ब्राउनसुगर लगायत विभिन्न लागूऔषधहरु समेत बरामद गर्दछ । तर तिनीहरुलाई कारवारही हुँदैन । लागूऔषधले जिल्लाको शान्ति सुरक्षामा खलल पुऱ्याउनुका साथै अपराधहरु बढाउँछ । हाल भइरहेको तस्करी रोक्न प्रहरीलाई स्थानीय सरकार तथा सामाजिक अगुवाहरुले पनि सहयोग गर्नुपर्छ । अन्यथा यसले विकराल रुप लिनेछ र हाम्रो भावी पुस्ताको भविष्य पनि अन्धकार हुनेछ । सुन्दर परिवार र समाज निर्माणका लागि लागू पदार्थ दुर्व्यसनी र अवैध तस्करीका जाँलोलाई तोड्न आवश्यक छ । यसका लागि विभिन्न पेसा र आवरणमा लागू पदार्थको कारोवारी गर्ने व्यक्तिहरुको सूक्ष्म अनुसन्धान गरी नियन्त्रण गर्न आवश्यक छ । यसर्थ लागूऔषध नियन्त्रण भएमात्र स्वच्छ र अपराधमुक्त समाज निर्माण हुनसक्ने भएकाले यस्तो कार्यमा सबै सरोकारवालाको उत्तिकै सहयोग र ऐक्यबद्धता रहन जरूरी छ ।

## Opinion @ Social Network

धन सम्पत्ति होस नहोस तर यात्रा त्यही सम्मको होस जहाँ,
दु:ख मलाई मिलोस् तर गर्व मेरो परिवारलाई लागोस् !

*(अनिल भट्टराईकोफेसबुक स्टाटसबाट https://www.facebook.com/bhattarai.anil)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगइन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तिज सौभाग्य र संस्कृति हो कि पश्चिमी पुतली नाँच ?



**मणि शर्मा**

> *तीजको दर खाने भनेको तीजको अघिल्लो दिनमात्र हो तर यहाँ यस्तो विकृति फैलाइएको छ कि एक महिनादेखि पार्टी प्यालेसहरूमा दर खाने कार्यक्रम सुरु हुन्छ र त्यहाँ आधुनिक कहलिएका नारीहरू मादक पदार्थमा लट्ठ हुँदै अश्लील नृत्य गर्छन्, जुन परिवारसहित हेर्न लाज लाग्दछ ।*

नेपालमा धार्मिक, राजनीतिक मात्र होइन कि सांस्कृतिक अतिक्रमणसमेत भइरहेको छ । गीत, नृत्य, संगीतमा समेत आक्रमण कसरी भइरहेको छ यसको ताजा प्रमाण अहिलेको छाडा तथा अश्लील तीजगीतहरू हुन् । यी तीजगीतहरूले रत्यौलीलाई पनि माथ गरेका छन् । यहाँ स:शुल्क व्यवसाय गर्ने गीतकार, संगीतकार र नर्तकनर्तकीहरूको कमी छैन । नारीलाई देवीबाट बजारको वस्तुमा परिणत गरिरहेका छन् । विज्ञापनहरूमा अर्धनग्न नारीको तस्वीर राख्ने गरेका छन् । कथित नाम र दामका लागि यहाँका आधुनिक नारीहरू पनि नांगिन तयार छन् । नेताहरूलाई त सर्वांग नांथिइसके बीच बाटोमा । अब नारीहरूको पालो ।

तीजको दर खाने भनेको तीजको अघिल्लो दिनमात्र हो तर यहाँ यस्तो विकृति फैलाइएको छ कि एक महिनादेखि पार्टी प्यालेसहरूमा दर खाने कार्यक्रम सुरु हुन्छ र त्यहाँ आधुनिक कहलिएका नारीहरू मादक पदार्थमा लट्ठ हुँदै अश्लील नृत्य गर्छन्, जुन परिवारसहित हेर्न लाग्दछ । झन् त्यस्ता अश्लील नृत्यहरूको भिडियो अपलोड गरेर सामाजिक सञ्जालमा पोष्ट गर्न उनीहरू किञ्चित पनि लाज मान्दैनन् । यस्तो कर्म गर्दा उनीहरू गर्व बोध गरिरहेका छन् । यसबीच विष्णु माझीको गीतले बल्ल तीज आयो जस्तो लाग्यो । उनी आफूलाई बजारमा प्रदर्शन गर्न चाहन्नन् । प्राय: सबैले उनले गाएको गीत मन पराएका छन्, जबकि अरू अश्लील गीतहरूको तीव्र आलोचना भइरहेको छ ।

नेपालका नारीहरूलाई सांस्कृतिक रूपमा पतन गराउन बाफय योगदानमा जीविका चलाउने अनेक संस्था छन् । ठाउँठाउँमा यस्तै उद्देश्यका लागि भित्री रूपमा काम गर्ने एनजीओहरूका महिलाले यस्ता छाडा तीज कार्यक्रम सञ्चालन गर्ने गर्छन् । सनातन धर्म तथा संस्कृतिमाथि एनजीओहरूमार्फत आक्रमण हुनेगरेको स्पष्ट छ । पतिपत्नीबीचको शारीरिक सम्बन्धलाई बलात्कारको रूप दिएर कैयौंको घरबार बिगारेका छन् उनीहरूले । नेपालको कानुन पनि आइएनजीओले बनाइदिएकाले पतिपत्नीबीच झगडा भएको सुइँको पाउनासाथ एनजीओका महिलाहरू त्यो घरमा पुगेर स्वास्नीलाई उचालेर प्रहरी र अदालतसम्म पुऱ्याएर सम्बन्ध विच्छेद गराउने काम गरिरहेका छन् । उनीहरूलाई सम्बन्ध विच्छेदपछि पतिबाट पाउने सम्पत्ति, पछि पुनर्विवाह गर्न पाउने आदि लोभलालचमा पारेर घरबार बिगार्नेमात्र होइन उनीहरूको सन्तानको भविष्य पनि बिगारेका छन् । सरकारले सनातन धर्म संस्कृतिमाथि आक्रमण गर्ने यी आइएनजीओ र एनजीओहरूमाथि प्रतिबन्ध लगाउनुपर्ने हो । तर, कसले गर्ने ? सबैभन्दा बढी एनजीओ एमालेकै छन्, त्यसपछि कांग्रेसको र अरू दलहरूको पनि अलि-अलि छन् । जुनदेशको संविधान एउटा विदेशी संस्थाले तयार पारिदिन्छ त्यो देशको शासकले कसरी एनजीओमाथि प्रतिबन्ध लगाउन सक्छ ? एनजीओहरू भए आफ्ना कार्यकर्ताले पनि जागिर पाएर दलप्रति सदा कृतज्ञ रहने भए । हाम्रो वेदले नारीलाई उच्च स्थानमा राखेको छ । हामी नारीलाई देवी भन्छौँ तर आज पश्चिमाले हाम्रा नारीलाई देवीवाट बेबी बनाइदिएको छ । ऋग्वेदमा भनिएको छ । एउटी पत्नी प्रात:कालमा उठेर यो उद्गार व्यक्त गर्छिन् 'यो सूर्य उदय भएको छ, यसको साथै मेरो सौभाग्य पनि माथि चढ्दै गएको छ । म मेरो घर र समाजको ध्वजा हूँ, त्यसको शिर हूँ । म ठूलो व्याख्यात्री हूँ, मेरो पुत्र शत्रुविजयी हुन्, मेरी पुत्री संसारमा चम्किन्छिन् । म स्वयम् शत्रुलाई जित्नेवाली हूँ । मेरा पतिको असीम यश छ । मैले त्यो त्याग गरेकी छु जसले गर्दाइन्द्रले विजय पाउँछन् । मैले पनि विजय प्राप्त गरेकी छु । मैले आफ्नो शत्रु निस्तेज गरी दिएकी छु । त्यो सूर्यमाथि आएको छ, मेरौ सौभाग्य पनिमाथि उठेको छ । मलाई थाहा छ मैले आफ्नो प्रतिस्पर्धीहरूलाई जितेर मैले पतिको प्रेम फेरि पाएँ । म प्रतीक हूँ, म शिर हूँ, म सबैभन्दा प्रमुख हूँ र म अहिले भन्दैछु कि मेरा पतिले मेरो इच्छानुसार नै आचरण गरून् । मेरा प्रतिस्पर्धी कोही छैनन् । मेरो पुत्रले हाम्रा शत्रुहरूलाई नाश गर्नेछ । मेरी पुत्री रानी हो र म विजयशील हूँ । मेरो र मेरा पतिको प्रेमको व्यापक प्रसिद्धि छ । हे प्रबुद्ध मैले त्यो अर्घलाई अर्पित गरेकी छु, जो सबैभन्दा बढी उदाहरणीय छ र यसरी मैले सबैभन्दा बढी सामर्थ्य र प्रसिद्ध बनेकी छु । म स्वयंलाई आफ्ना प्रतिस्पर्धीहरूबाट मुक्त गरेकी छु । यो मन्त्रको आराधनाकर्ता, ऋषिका र देवता इन्द्रपत्नी शचि हुन् । ऋग्वेदमा स्त्रीहरूलाई भनिएको छ वीर हुनु, सुविज्ञ हुनु, यशस्वी हुनु, रथमा सवारी गर्नु, विदुषी हुनु, सम्पदाशाली र धनवान हुनु, बुद्धिमति र ज्ञानवती हुनु, परिवारको रक्षक हुनु र सेनामा जानु, तेजोमति हुनु । जबकि बाइवलमा नारीलाई आत्मा नभएको प्राणी भनिएको छ, आज पश्चिमा संस्कृति अँगाल्दा नेपाली नारीहरू पनि आत्माविनाको प्राणी बन्न गएका छन् । ब्रफमचर्यको पालन अचेल न त पुरुषले नै गर्छन् न पश्चिमा रंगमा रंगिएका नारीहरूले नै । अथर्ववेदको ब्रफमचर्य सूत्रमा नारीलाई विद्या ग्रहण गरिसकेपछि मात्र विवाह गर्न भनिएको छ । तर अचेल पश्चिमाको देखासिखी विवाह अगाडि नै लिभिङ टुगेदरमा बसेर विवाह अगाडि नै ब्रफमचर्य नष्ट गर्ने गरेका छन् । जसले गर्दा आउने सन्तति पनि अधोपतनको खाल्डोमा जाने निश्चित छ । वेदमा भनिएको छ कन्याहरू पनि ब्रफमचर्यको सेवनबाट पूर्ण युवती र विदुषी भएरमात्र विवाह गर्नु । अथर्व वेदमा भनिएको छ, मातापिताले आफ्ना कन्यालाई पतिको घर जानुअगाडि बुद्धिमत्ता र विद्या बलको उपहार दिनु तर अचेलका मातापिताले आफ्ना सन्तानलाई यशुकुलमा पढाएर न त संस्कार दिन्छन् र न त विद्याबल । घर आएपछि कसरी पतिलाई लिएर अलग बस्ने ध्याउन्न हुन्छ आजका नारीको, किनकि उनीहरूलाई स्वतन्त्रता चाहिएको छ, नारीहरूलाई संस्कारी जीवन नभएर उच्छृंखल जीवन चाहिएको छ जो घरमा प्राप्त हुँदैन । अथर्व वेदमा भनिएको छ विदुषी, सम्माननीय, प्रसन्न चित्त पत्नी सम्पत्तिको रक्षा र वृद्धि गर्छिन् र घरमा सुख ल्याउँछिन् । हे स्त्री, तिमीले हाम्रो घरमा प्रत्येक दिशामा ब्रफम अर्थात् वैदिक ज्ञानको प्रयोग गर्नू । हे बधू, विद्वानहरूको घरमा गएर कल्याणकारिणी तथा सुखदायिनी भएर तिमी विराजमान होऊ, हे बधू, ऐश्वर्यको अदृश्य डुंगामा बस र आफ्ना पतिलाई सफलताको तटमा लग । हे वर, यी कन्याले तिम्रो कुलको रक्षा गर्नेछिन् । यी अनन्त कालसम्म तिम्रो घरमा निवास गरुन् र बुद्धिमत्ताको बीज रोपण गरून् । विवाहमा पुरोहितले दिने आशीर्वाद हुन् यी । अथर्व वेद नारीमा अगाडि भनिएको छ, यी नारीहरू शुद्ध, पवित्र र यज्ञीय छन्, यिनीहरूले प्रजा, पशु र धन दिन्छन् । यी नारीहरू शुद्ध स्वभाव भएका, पवित्र आचरण भएका, पूजनीय, सेवायोग्य, शुभचरित्र भएका र विद्वतापूर्ण छन् । हे मातृभूमि, कन्याहरूमा जुन तेज छ त्यो मलाई देऊ, स्त्रीहरूमा जुन सेवनीय ऐश्वर्य तथा कान्ति छ, हे भूमि, ऊसँग हामीलाई पनि मिसाऊ । स्त्रीहरू कहिल्यै दु:खले न रोउन्, यिनलाई निरोगी राख र रत्न, आभूषण यिनीहरूलाई लगाउन देऊ । सभा र समितिमा गएर स्त्रिहरू भाग लिऊन् र आफ्नो विचार प्रकट गरून् । मातापिताले आफ्ना कन्यालाई पतिगृह जाँदा बुद्धिमत्ता तथा विद्या र बल उपहार दिएर पठाऊन्, मातापिताले कन्यालाई दाइजो नै दिनुछ भने ज्ञानको दाइजो दिनू तर अचेल न त मातापिता वेदाध्यायी छन् न त सन्तान । प्राय:जसो कन्याका माताहरूले आफ्ना पुत्रीलाई परिवारबाट अलग भएर बस्ने सल्लाह दिन्छन् । परिवारको परिभाषा साँघुरो पार्ने काम माइतीबाटै सुरु हुन्छ र बाँकी कसर पुत्रीले पूरा गरिहाल्छन् । यी सबै हाम्रो पश्चिमा शिक्षाको प्रभाव हो । वेदले नारीहरूमाथि कहिल्यै प्रतिबन्ध लगाएको छैन । उनलाई सदैव विजयिनी भनिएको छ । वैदिक कालमा नारी अध्ययन अध्यापनदेखि लिएर रणमैदानमा पनि जाने गर्थे । धेरै विदुषीहरू वेदको ऋचाहरूको रचयिता हुन् र यी ऋषिकाहरूमा अपाला, घोषा, सरस्वती, सर्पराज्ञी, सूर्या, सावित्री, अदिति, दाक्षायनी, लोपमुद्रा, विश्ववारा, आत्रेयी, मैत्रेयी आदि हुन् । अथर्व वेदमा भनिएको छ, हे पत्नी हामीलाई ज्ञानको उपदेश देऊ । बधूले आफ्नो विद्वता र शुभ गुणहरूले पतिगृहमा सबैलाई प्रसन्न गरुन् । तर, अपवादबाहेक आजका बधूहरू स्वर्ग जस्तो घरलाई नर्क बनाउन कुनै कसर बाँकी राख्दैनन् । ऋग्वेदमा भनिएको छ, स्त्री र पुरुष दुवैलाई शासक बन्ने अधिकार छ । पैतृक सम्पत्तिमा पुत्र र पुत्रीको समान अधिकार हुन्छ भनेर वेदले भनेको छ तर आज हामीलाई यो कुरा पश्चिमाले सिकाउनुपरेको छ । जसले वेदको दर्शन पनि गरेका छैनन्, त्यस्ता पश्चिमाका हण्डी खानेहरू र पश्चिमा संस्कृतिको र पन्थको अनुसरण गर्नेहरूले मात्र हाम्रो धर्म, संस्कृति, हाम्रो सभ्यता नष्ट गर्नलाई अहोरात्र लागिरेका छन् । इण्डियाबाट आयातित सम्प्रदायको पछाडि लागेर हाम्रो धर्म, संस्कृतिको मानमर्दन गर्न पछाडि नपर्नेहरूको संख्या पनि बढ्दो छ । आरएसएसको पछि लागेरसमेत हाम्रो धर्म संस्कृतिलाई समाप्त पार्नेको संख्या पनि यहाँ कम छैन । जब कुनै देशबाट उसको धर्म, उसको संस्कृति, उसको मौलिकताको अन्त्य गरिन्छ तब त्यो देश पनि समाप्त भएर जान्छ र हाम्रो संस्कृति समाप्त पार्न पश्चिमी रंगमा रंगिएका तिनका दानापानी र पश्चिमाको हण्डी खाने नारीहरू, गीतकार, साहित्यकार, बुद्धिजीवी आदिसमेत लागिरहेका छन् । हाम्रो सनातन धर्म तथा संस्कृति नै समाप्त भएर गए देश स्वत: समाप्त हुनेछ । बाइबलमा जसरी नारीलाई आत्मा नभएको प्राणी भनिएको छ त्यसरी नै नेपाल पनि आत्मा नभएको देशमा परिणत हुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । परीक्षामा सफलता पनि मिल्नसक्छ । | **तुला** : वित्तिय संस्थाबाट सहयोग पाइनेछ। स्वादिष्ट भोजन पनि पाइनेछ । |
| **बृष** : मन भावुक र उत्ताउलो बन्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। | **बृश्चिक** : धार्मिक कार्यमा सफलता मिल्नेछ । दैनिक कार्यमा प्रगति हुने छ । |
| **मिथुन** : सामाजिक कार्यमा सफलता मिल्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। | **धनु** : अचल सम्पत्ति हात पर्ने योग छ। अँटिको र ताकेको कार्य पुरा हुनेछ । |
| **कर्कट** : धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । सन्तान सुख मिल्नेछ । | **मकर** : आर्थिक हैरानी बेहोर्नु पर्ला । घरायसी समस्या बढ्नेछ । |
| **सिंह** : मित्रबाट विशेष सहयोग मिल्नेछ। शुभकार्यको चर्चा पनि चल्नेछ । | **कुम्भ** : पुण्य आर्जन गर्न संलग्न भइनेछ। अधुरा कामहरू पुरा हुनेछन् । |
| **कन्या** : आर्थिक कारोबारमा मन्दी आउला। पेटसम्बन्धी समस्याले पिरोल्न सक्छ । | **मीन** : चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । |

## कला मनोरञ्जन

# 'देवी'मा किन लगानी गर्न तयार भइन् शिल्पा ?



नेपालमा फरक धारका फिल्मलाई व्यापारिक हिसाबले उतिधेरै सुरक्षित मानिँदैन । यसैले बजारमा जे चलेको छ, त्यसैमा लगानीको ओइरो लाग्छ । जसले गर्दा फरक विषयमा विरलै फिल्म बन्छन् । यही शुक्रबार अर्थात् भदौ २१ गते (तीजको दिन)बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'देवी'ले पनि सुरुवातमा निर्माता पाएको थिएन । किनकि यसको कथा बजारबाट निर्देशित थिएन । 'कमर्शियल' फिल्म नभएको भन्दै कसैले लगानी गर्न नचाहेपछि अभिनेत्रीको रुपमा जोडिएकी शिल्पा मास्के निर्माणमा सहकार्य गर्न तयार भइन् । उनी सम्झन्छिन्, 'स्क्रिप्ट तयार भएपछि हामीले केही निर्मातालाई भेट्दा यति संवेदनशील विषय छ, कमर्शियल फिल्म होइन भनेर लगानी गर्न इच्छा देखाउनुभएन । मलाई चाहिँ कन्टेन्टप्रति विश्वास भएकाले निर्माताको रुपमा अनुभव गर्न मन लाग्यो ।' निर्माताको जिम्मेवारी चुनौतीपूर्ण हुने शिल्पाको अनुभव छ । 'निर्माताको जिम्मेवारी निभाउँदा चुनौती चाहिँ एकदमै हुँदो रहेछ,' उनी अनुभव सुनाउँछिन्, 'प्रचारमा हुँदा समेत दिमाग धेरै ठाउँमा पुग्ने रहेछ । निर्माता बन्नु गाह्रो काम हो । तर, पहिलो अनुभव भएकाले धेरै सिक्न पाएँ ।' यो फिल्म व्यावसायिक रुपमा सफल भए आगामी दिनमा पनि निर्माणलाई निरन्तरता दिने शिल्पाको योजना छ । 'देवी'मा व्यापारका लागि लगानी नगरेको उनी प्रष्ट पार्छिन् । 'व्यापारिक दृष्टिकोणले मैले यसमा लगानी गरेको होइन । त्यो हिसाबले त क्राइम-थ्रिलर फिल्ममा लगानी गर्न गाह्रो छ । तर, यतिबेला महिला केन्द्रित र कन्टेन्टमुखी फिल्म रुचाइन थालिएको छ । त्यसैले हामीले सामाजिक सन्देशका लागि फिल्म बनाऊँ, मिहेनत गरेर राम्रो भए 'कमर्शियल भ्यालु' हुन्छ भनेर काम गर्‍यौं,' उनले भनिन् । फिल्मले बलात्कारको घटनालाई उठाएको छ । र, यसमा शिल्पाले बलात्कारको घटनाबारे रिपोर्टिङ गर्ने पत्रकारको भूमिका निर्वाह गरेकी छन् । पहिला उनलाई रिपोर्टिङ कसरी गरिन्छ भन्ने ज्ञान थिएन । यसैले उनले छायांकनभन्दा अगाडि एक दैनिक पत्रिकाकी महिला पत्रकारसँग भेट गरेर अनुभव सुनेकी थिइन् । त्यसले चरित्रको तयारी गर्न आफूलाई ठूलो सहयोग पुगेको उनको भनाई छ । 'देवी'ले उठाएको विषयमाथि पनि धेरै अनुसन्धान गरेको शिल्पा स्मरण गर्छिन् । 'स्क्रिप्टमा बस्दा यी चीजहरु पोलिटिकली ठीक हुन्छ कि हुँदैन भनेर छलफल गर्‍यौं । बलात्कारको तथ्यांकदेखि पत्रपत्रिकामा आएको लगभग सबै आर्टिकल हेर्‍यौं । हामीले यो विषयमा गहिरोसित अध्ययन गरेका थियौं,' उनले भनिन् । उनी 'देवी'लाई सत्य घटनाबाट लिइएको 'फिक्सनल' (काल्पनिक) कथा मान्छिन् ।

*-फिल्मी खबर डटकम*

# 'वर एन्ड वधू'को व्यवसाय कस्तो ?



शुक्रबारदेखि रिलिजमा आएको फिल्म 'वर एन्ड वधू'ले सुरुवातको व्यवसाय राम्रो गर्न सफल भएको निर्माण पक्षले दाबी गरेको छ । फिल्मले शुक्रबार र शनिबार राम्रो दर्शक पाएको निर्देशक मिलन चाम्सले बताए । शनिबार बिहानैबाट नायिका आँचल शर्मा, नायक विवेक कर्माचार्य, निर्देशक मिलन चाम्स, निर्मात्री जानुका थापा, कलाकार दिनेश काफ्ले लगायत काठमाडौँका विभिन्न हलमा दर्शकको प्रतिक्रिया लिन पुगेका थिए । हलमा दर्शकले देखाएको मायाले आफू उत्साहित भएको अभिनेत्री आँचल शर्माले बताइन् । उनले भनिन्, 'फिल्म हेर्न आउनु भएका दर्शकले यसको कथावस्तुदेखि सबै कुरा मन पराइदिनुभएको छ । यो नै ठुलो कुरा हो ।' नायक विवेक कर्माचार्यले पहिलो फिल्ममै दर्शकबाट पाएको साथ, हौसला र मायाले आफू निकै खुसी भएको बताए ।

आगामी दिनमा अझै मिहिनेत गरेर काम गर्ने विवेकको भनाइ छ । फिल्ममा किरण केसी, कुसुम शर्मा, गरिमा शर्मा, विजु पार्की, रवीन्द्र खड्का, विजय लामा लगायतका कलाकारको पनि अभिनय छ । एलआरेक इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्ममा अमित रिजाल कार्यकारी निर्माताको रूपमा छन् ।

*-रातोपाटी डटकम*

# 'पूर्णबहादुरको सारंगी' टिजर



विजय बराल र प्रकाश सपूतको शीर्ष भूमिका रहेको फिल्म 'पूर्णबहादुरको सारंगी'को टिजर सार्वजनिक भएको छ । आगामी कात्तिक १५ (लक्ष्मीपूजा)लाई मिति तय गरेको फिल्मलाई सरोज पौडेलले निर्देशन गरेका हुन् । बुवाको मुख हेर्ने दिनको छेको पारेर आइतबार सार्वजनिक गरिएको फिल्मको टिजरमा मुख्य पात्र विजय बराल र प्रकाश सपूत फिचर्ड छन् । सोसल-ड्रामा जनरा निर्माण भएको फिल्मले गन्धर्व परिवारको कथा भन्छ । गरिबीका कारण बुवाले झेल्नु परेको अभाव, छोराले पाएको शैक्षिक सफलता र बिछोडको पीडा टिजरमा समेटिएको छ ।

एक मिनेट ५० सेकेन्ड लामो टिजरले अभिभावकले आफ्नो सन्तानको प्रगति र खुसीका लागि गर्ने त्याग र संघर्ष तथा त्यसले दिने उपलब्धि समेटेको छ । महेश दवाडीको पटकथा तथा संवाद रहेको फिल्ममा सरोज पौडेलकै लेखन छ । फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिशा बास्तोला, श्याम केसी, जानवी पौडेल लगायतको अभिनय छ । सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको फिल्मका निर्माता विनोद पौडेल र प्रतीक सुवेदी हुन् । फिल्मका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् । फिल्ममा प्रशान्त सिवाकोटीको संगीत र हेमन्त कान्छा रसाइलीको सारङ्गी वादन छ ।

*-अनलाइन डटकम*

# मलयालम फिल्म उद्योगमा हलचल



तिबेला मलयालम फिल्म उद्योगमा महिलामाथि हुने यौन उत्पीडन र शोषणका घटनाका कारण हलचल मच्चिएको छ । उद्योगमा महिलाका समस्याबारे गठित हेमा समितिको प्रतिवेदन बाहिर आएपछि मलयालम सिनेमासँग आवद्ध महिला कलाकारहरू अगाडि आएर आफूसँग भएका घटनालाई सेयर गर्न थालेका छन् । यसै सन्दर्भमा चर्चामा आएकी अभिनेत्री मीनु कुरियनको मुद्दा अहिले ठूलो बनेको छ । एक फेसबुक पोस्टमा, मीनुले मलयालम उद्योगका केही कलाकार र प्राविधिकहरूलाई शारीरिक र मौखिक दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन् । अब उनले यस विषयमा कानुनी कारबाही पनि सुरु गरेकी छिन् । जानकारीका अनुसार मीनुले आफ्नो फेसबुक पोस्टमा आरोप लगाएका ७ जना विरुद्ध इमेलमार्फत यौन दुर्व्यवहारको उजुरी दिएकी छिन् । मलयालम अभिनेता-सीपीआईएम विधायक मुकेश, अभिनेता जयसूर्या र इदवेला बाबुको नाम पनि यसमा समावेश छ । मलयालम सिनेमामा चलिरहेको हलचलसँगै मलयालम चलचित्र कलाकार संघ (एएमए) का सबै सदस्यहरूले राजीनामा दिएका छन् । जानकारीका अनुसार हेमा समितिको प्रतिवेदनपछि सञ्चालक समितिका केही सदस्यमाथि लागेका यौन दुर्व्यवहारको आरोपको नैतिक जिम्मेवारी लिँदै संघको सम्पूर्ण सञ्चालक समितिले राजीनामा दिएको छ । मलयालम सिनेमाका आइकन मोहनलाल यस संघका अध्यक्ष थिए र यसको १७ सदस्यीय कार्यकारी समिति थियो । २ महिनाभित्र संघको महासमितिको बैठक बसेर नयाँ सञ्चालक चयन गरिने संघले जनाएको छ ।

एक विज्ञप्तिमा भनिएको छ, 'हामी आशावादी छौं कि एएमएमएले नयाँ नेतृत्व पाउनेछ, जसले एएमएमएको गुमेको विश्वास पुनस्थापित गर्न र यसलाई बलियो बनाउन सक्ने क्षमता दिनेछ । आलोचना र मार्गदर्शनको लागि सबैलाई धन्यवाद ।

*-डिसी नेपाल डटकम*

# त्यही भएर रैछिन् मेरी बूढी सधैँ तर्किनी...



सासु भन्छिन् अल्छी भाछेस् रिस तेरो नाकमा लोग्ने भन्छन् पहिलेजस्तै बस काखमा । यी मर्मस्पर्शी गीतका शब्दभित्र लुकेका भावले आम महिलाका पीडालाई सुक्ष्म अभिव्यक्त गरेका छन् । चन्द्रागिरि नगरपालिका-१० द्वारा शनिबार हरितालिका पर्वका अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा नवज्योति महिला समूहद्वारा प्रस्तुत 'मेनोपोज' (महिनावारी सुक्ने समस्या) लाई गीतिलयमा उजागर गरिरहँदा अधिकांशले आफ्नै वेदना प्रस्तुत भएको अनुभूत गरिरहे ।

तिजका गीत मायापिरती, वेदनाकै हुनुपर्छ र यस्ता गीतले मात्र लोकप्रियता हासिल गर्दछ भन्ने होइन । समाजमा सुसुप्त एवं व्याप्त तर हालसम्म उठान नभएका महिलाको प्रजननसित सम्बन्धित नयाँ समस्यालाई समयमै उजागर गराउँदा धेरैको जीवनमा परिवर्तन आउन सक्छ । भनिन्छ, साहित्यले आम भोगाइलाई बोल्नुपर्छ, अनिमात्र साहित्यक साहित्य जस्तो हुन्छ । गीतले 'मेनोपोज' बाट उत्पन्न समस्यालाई यसरी शब्दमा उनेको छ- उमेर पनि ढल्दै गयो जीवनको खेलमा मासिक धर्म टाढा भयो यही बेलामा । गरमी र पसिना मनमा छ डर चिन्ता के भो के भो थाहा छैन लाग्छ पिरता । बदलियो शरीरको कहिले खुसी कहिले पिर नानाथरि कुरा खेल्छन् छैन मनमा थिर । उमेर बढ्दै जाँदा प्रजनन् स्वास्थ्यसँग सम्बन्धित धेरै समस्या महिलामा देखापर्दछन् । त्यस्ता समस्यालाई गीतका माध्यमबाट आम समुदायमा मनोरञ्जनले प्रस्तुत गर्दा जनचेतना बढाउन कोशेढुङ्गाको काम गर्दछन् । चिकित्सकका अनुसार महिलाका साझा समस्यामध्ये 'मेनोपोज' प्रमुख मानिन्छ । गीतले मनोपोज हुँदाको लक्षण एवं अवस्थालाई यसरी मार्मिक रुपमा प्रस्तुत गरेको छ- किन हो र झर्किएकी बोल्दा पनि बोल्दिनौ हस्पिटलै लान्छु बरु कुरै खोल्दिनौं । हस्पिटल आउनुभयो राम्रो भयो बस्नुहोस् मेनोपोजको समस्या छ बुझी जानुहोस् । महिनावारी बन्द हुन्छ यो उमेरमा नारीलाई परिवारले बुझ्नुपर्छ पिरको भारीलाई । 'मेनोपोजा'बाट पीडित महिला, तिनकी सासू, श्रीमान् र चिकित्सकबीचको त्रिपक्षीय पात्रलाई प्रतिबिम्ब बनाइ यी नै पात्रका माध्यमबाट 'मेनोपोज'को समस्यालाई यथार्थपरक ढङ्गमा अभिव्यक्त गरिएको छ मन जाँदैन पहिलाजस्तो कुनै पनि काममा मानसिक रोग लाग्न सक्छ यस्तो बेलामा । निद्रा पनि टाढा भाग्छ हर्मोनको खेल हो परिवारको साथ चाहिने यस्तै बेला हो । मन पनि कमजोर हुन्छ मन त्यसै मर्दछ क्याल्सियम र पोषकतत्व खानु पर्दछ । 'मेनोपोजा'बाट उत्पन्न समस्याका बारेमा अधिकांश महिला एवं तिनका परिवारलाई जानकारी नै छैन । यस्तो अनभिज्ञताले महिलालाई विभिन्न रोगको जोखिम बढाएको छ । यसले गर्दा उनीहरुको स्वास्थ्यमा थप जटिलताहरू सृजना भइरहेका छन् । चिकित्सकका अनुसार निन्द्रा नलाग्ने, चिडचिडापन, रुन पन लाग्ने, चिन्ता लाग्ने, खलखल पसिना आउने, शरीर अचानक धेरै तातो हुने, कुराहरू चाँडै बिर्सने, यौन सम्पर्क गर्न अनिच्छुक हुने, कपाल झर्ने, पिसाब छिटोछिटो लाग्ने, पिसाब चुहिनेजस्ता लक्षणहरू मेनोपोजका लक्षणहरू हुन् । सामान्यतया यस्ता लक्षणहरू ४५ वर्षको उमेदेखि ५५ वर्षको उमेरसम्म देखिन्छ । महिनावारी सुक्नुभन्दा केही वर्षअघिदेखि केही वर्षपछिसम्म यस्ता लक्षण देखिने अवधिलाई 'पेरिमेनोपोज' भनिन्छ । कुनै-कुनै महिलालाई ४० वर्षको उमेरमा पनि मेनोपोजका लक्षण देखिन सक्छ । गीतले भन्दछ यही भएर रैछिन् मेरी बूढी सधैँ तर्किनी सानो-सानो कुरामा नि गर्थिन् झर्किनी । हर्मोनको गडबडीले भाको रैछ समस्या मेनोपोजलाई बुझी साथ दिन्छौँ अवश्य । माया अनि साथ दिन्छौँ सजिलैसँग हुन्छ पार सहज जीवन हाँसीखुसी हुन्छ परिवार । दिदीबहिनी सबले बुझौँ बढाऔँ जनचेतना ८१ साल तिजपर्वको शुभकामना । नेपाल मेडिकल एशोसिएसनले सन् २०१७ मा ४० वर्ष नाघेका दुई हजार महिलामा गरेको अध्ययनअनुसार ५९ दशमलव दुई प्रतिशत महिलालाई मेनोपोजका लक्षण र जटिलताबारे जानकारी छैन । यसैले घरघरमा, टोलटोलमा मेनोपोजका बारेमा जनचेतना जगाउन आवश्यक छ । यसका लागि गीत-सङ्गीतका माध्यम सशक्त र प्रभावकारी हुन्छन् । चन्द्रागिरि-१० स्थित नयाँ बस्तीमा बसोबास गर्ने महिलाद्वारा गठित नवज्योति महिला समूहले प्रस्तुत गरेको जनचेतनामूलक 'मेनोपोज'सम्बन्धी तिजगीत केन्द्रबिन्दुमा रह्यो । साथै प्रतियोगितामा प्रथम स्थान हासिल गरेको छ । गीतको शब्द तथा लय संयोजन समूहका सदस्य उषा रिमालले गरेकी थिइन् भने वाद्यवादनको संयोजन भगवती थापाले गरेकी थिइन् । त्यस्तै गायनतर्फ समूहका सदस्यहरु उषा रिमाल, सृजना खतिवडा, सरस्वती भण्डारी, शान्ता थापा, कमला खत्री, ऋतुकला पाण्डे, सीता विष्टलगायतले भाग लिनुभएको थियो । गीतमा अप्सरा खड्का र कविता थापाले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । समूहका अध्यक्ष शारदा खतिवडाले भनिन्, "तिज गीत प्रतियोगितामा भाग लिनु त छँदै छ, आम महिला दिदीबहिनीमा 'मेनोपोज'का लक्षण, यसले उत्पन्न गर्न सक्ने जटिलता र समाधानका उपायका बारेमा सन्देश प्रवाह गर्नु र जनचेतना जगाउनु नै हाम्रो समूहको मुख्य ध्येय हो । " प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय एवं सहभागीलाई चन्द्रागिरि नगरपालिकाका उपप्रमुख वसन्ती श्रेष्ठ, चन्द्रागिरि-१० का वडाध्यक्ष शिवकुमार महर्जन, वडासदस्यद्वय भेषनाथ उपाध्याय र सीता महर्जनले पुरस्कार प्रदान गरेका थिए ।

*-बाह्रखरी डटकम*

# महिनाभर मनाउने गुँला पर्व आज सकिदै




**पाल्पा,** भदौ १८/नेवार समुदायका बौद्ध धर्मावलम्बीहरूले महिनाभर मनाउने गुँला पर्वको आज समापन हुँदै छ । प्रत्येक वर्षको श्रावण शुक्ल प्रतिपदाबाट यो पर्व प्रारम्भ भई भाद्र शुल्क प्रतिपदाका दिन समाप्त हुन्छ । एक महिनासम्म धार्मिक स्थानमा बाजागाजासहित घुम्ने र पूजापाठ गर्ने चलन रहिआएको छ । यस वर्षको गुँलापर्वको आज समाप्ति हुँदै छ ।

गुँला समाप्तिका दिन हर्ष उमङ्गका साथ भोज खाने चलन छ । यस भोजलाई पारु भोज पनि भनिन्छ । 'गुँला' भन्नाले गुरुले वाचन गरेको बुद्धको ज्ञान पालन गरी धर्म गर्न र बुद्धधर्मको शील पालन गरी शीलमा बसिरहनु हो । नेवारी भाषामा 'गुँ' को अर्थ 'नौ' हो भने 'ला' को अर्थ 'महिना' भएकाले नेपाल संवत्को नवौँ महिनाको तिथिमा यो पर्व मनाउने गरिन्छ । गुँला कहिलेबाट सुरु भएको भन्ने यकिन नभए पनि भाषा वंशावलीअनुसार राजा विक्रमदेवले बौद्ध अनुयायीका लागि यो पर्व चलाएका थिए भन्ने उल्लेख छ । किंवदन्तीअनुसार मञ्जुश्रीले तालका रूपमा रहेको उपत्यकाको पानी बगाएपछि यहाँ बस्ती सुरु भएको हो । उनैबाट चैत्यसेवाको पनि प्रारम्भ भएको थियो र पछि यसले नै गुँलापर्वको रूपमा लिएको भनाइ रहेको पाइन्छ । पर्व भरी हरेक दिन बिहान बाजागाजाका साथ बौद्ध धर्मावलम्बी विशेष गरी शाक्य, बज्राचार्य, मानन्धर, कंसाकार र महर्जन समुदायका व्यक्तिहरु घुम्ने गर्दछन् । गुँलामा शृङ्गभेरी अर्थात् सिङ बाजा फुकाउने चलन राजा सिद्धिनरसिंह मल्लले सुरुवात गरेको परम्परा मानिन्छ । शृङ्गभेरी कथाअनुसार मृतकको नाममा स्वयम्भू महाचैत्यमा शृङ्ग बाजा बजाई परिक्रमा गर्ने र पूजा गर्ने चलन छ । भगवान् बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तुमा गुँला बाजा बजाउने चलन थियो । जुन गुँला बाजाको ताल सिद्धार्थ राजकुमारलाई निकै मन पर्दथ्यो भन्ने भनाइ छ । पछि शाक्य गणराज्यको पतन भएपछि शाक्य र कोलियाहरू काठमाडौँ उपत्यकामा आई बसोबास गरेपछि यहाँ पनि बहाबहीमा यही गुँला बाजा बजाउने परम्परा रह्यो । जुन चलन यद्यपि छँदैछ । गुँला पाल्पा, काठमाडौँका लगायतका नेवा: बस्तीहरुमा मनाउँदै आइरहेका छन् ।

## खेलकुद समाचार

### पाकिस्तानमाथि बङ्गलादेशको ऐतिहासिक 'क्लिन स्वीप'



**काठमाडौं,** भदौ १८/बङ्गलादेशले पाकिस्तानसँगको दुई खेलको टेस्ट शृङ्खलामा ऐतिहासिक 'क्लिन स्वीप' गरेको छ ।

पाकिस्तानले दिएको १ सय ८५ रनको लक्ष्य खेलको पाँचौं दिनमा ४ विकेट गुमाएर पूरा गर्दै बङ्गलादेशले इतिहास रचेको हो । बङ्गलादेशका जाकिर हसनले सबैभन्दा धेरै ४० रन बनाए । बलिङतर्फ पाकिस्तानका मिर हम्जा, खुर्रम शहजाद, अब्रार अहमद र अघा सलमानले समान १ विकेट लिए । घरेलु टोली पाकिस्तान दोस्रो पारीमा १ सय ७२ रनमा अल आउट भएको थियो । उसका अघा सलमानले नट आउट ४७ र मोहम्मद रिजवानले ४३ रन बनाएका थिए । बलिङतर्फ बङ्गलादेशका हसन महमुदले ५ र नहिद रानाले ४ विकेट लिए । यसैगरी पाकिस्तानले पहिलो पारीमा सइम अयुब, शन मसूद र अघा सलमानको अर्धशतकमा २ सय ७४ रन बनाएको थियो । बलिङतर्फ बङ्गलादेशका मेहदी हसन मिराजले ५ र तस्किन अहमदले ३ विकेट लिए । बङ्गलादेशले पहिलो पारीमा लिटन दासको शतक र मेहदी हसनको अर्धशतकको मद्दतमा २ सय ६२ रन बनाएको थियो । बलिङतर्फ पाकिस्तानका खुर्रम शहजादले ६ विकेट लिएका थिए । पहिलो टेस्टमा बङ्गलादेशले पाकिस्तानलाई १० विकेटले हराउँदै इतिहास रचेको थियो । टेस्ट क्रिकेटमा बङ्गलादेशले पाकिस्तानलाई पहिलो पटक हराएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो




**पाल्पा,** भदौ १८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक छ दशमलव ९० अङ्कले बढेर दुई हजार आठ सय ३० को विन्दुमा कायम भएको हो ।

मंगलबार तीन सय २८ कम्पनीको तीन करोड पाँच लाख ९९ हजार आठ सय ९० कित्ता शेयर एक लाख ४४ हजार एक सय ९७ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ५७ करोड ७१ लाख पाँच हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । आजको कारोबारमा विकास बैंक एक दशमलव ३२, होटल तथा पर्यटन शून्य दशमलव ६५, जीवन बीमा दुई दशमलव २८, लघुवित्त शून्य दशमलव ३६ र निर्जीवन बीमा चार दशमलव ७८ प्रतिशतले बढेको छ । अरु सबै मूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ६७, वित्त एक दशमलव ५७, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १४, म्युचुअल फन्ड शून्य दशमलव शुन्य तीन, व्यापार शून्य दशमलव ४१ र अन्य समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ । सात कम्पनीको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड र विन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो ।

सबैभन्दा धेरै घट्नेमा भने हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३४ करोड ७२ लाख २३ हजार दुई सय ७३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको सात लाख ४४ हजार एक सय ५० कित्ता शेयर किनबेच भएको छ ।


## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. १९९६ भाद्र ३०



स्व.ठाकुर चन्द्र (विप्र) कोइराला

दिवंगत
वि.सं. २०८१ भाद्र १३

नेपाली काँग्रेस पाल्पाका पूर्वसभापति, प्रजातन्त्र सेनानी एवं नेपालको लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा, तानसेन–६, बर्तुङ्ग निवासी ठाकुर चन्द्र (विप्र) कोइरालाको ८५ वर्षको उमेरमा भएको निधनले नेपाली काँग्रेस पाल्पा मर्माहत भएको छ । उहाँको निधनले एक कर्मठ राजनीतिज्ञ र समाजसेवी गुमाउनु परेको छ । यस दु:खद् घडीको आज ७ औं दिनको पूण्य तिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने क्षमता प्रदान होस् भनी समवेदना व्यक्त गर्दछौं ।

सभापति
हिमालदत्त श्रेष्ठ
एवं
**नेपाली काँग्रेस जिल्ला कार्यसमिति पाल्पा परिवार**



## करदाता सेवा कार्यालय
तानसेन, पाल्पा

**आर्थिक ऐन २०८१ ले ल्याएका छुट सुविधा सम्बन्धी करदाता सेवा कार्यालय पाल्पाको अत्यन्त जरूरी सूचना**

आर्थिक ऐन २०८१ ले करदाता महानुभावहरूको सेवा सुविधालाई मध्यनजर गर्दै निम्न विशेष छुट तथा सहुलियतहरू ल्याएको जानकारी गराउंदछौं ।

**विशेष छुट तथा सहुलियतहरू**

- यदि तपाईले लामो समयदेखि करयोग्य कारोबार गर्नु भएको छ तर स्थायी लेखा नम्बर (PAN) लिनुभएको छैन भने PAN लिई आ.व २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आयविवरण र सो मा लाग्ने कर २०८१ फागुन मसान्तरसम्म बुझाएमा सो मा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने छ ।
- PAN लिई आयविवरण बुझाउन बाँकी रहेका करदाताले आय विवरण, सो विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको ५५ प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तरसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुने छ ।
- २०८० असार मसान्तरसम्म VAT विवरण पेश नगर्ने VAT मा दर्ता भएका करदाताले बुझाउनुपर्ने कर विवरण सो विवरण अनुसारको VAT र सोमा लाग्ने ब्याजको ५० प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ ।

(पुनश्च : असोज मसान्तभित्र कर बुझाउने करदाताहरूलाई आ.व. २०८०/०८१को थप शुल्क र ब्याज लाग्ने छैन ।)

थप विवरण हेर्नको लागि करदाता सेवा कार्यालयको website tso-tansen@ird.gov.np मा हेर्न सकिन्छ ।

फोन नं. ०७५-५२०११७ मोबाइल नं. ९८५७०८४११७ - कर अधिकृत


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**






कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई